# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १० मितिः २०८०।०३।३०

भाग-२

# प्रसौनी गाउँपालिका

## प्रसौनी गाउँपालिका सामुदायिक विद्यालयका माध्यमिक तहमा उत्कृष्ट छात्र/छात्रालाई ल्यापटप/कम्पुटर वितरण कार्यविधि- २०८०

प्रस्तावनाः विद्यालय तहको शिक्षालाई गुणस्तरीय बनाउन शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न तथा विद्यालयमा सबैको पहुँचलाई सार्थक बनाउने उद्धेश्यले प्रसौनी गाउँपालिका आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा एस.ई.ई वा +2 का सामुदायिक विद्यालयबाट सबैभन्दा बढी अंक ल्याउने छात्र/छात्रालाई प्रोत्साहन स्वरुप ल्यापटप कम्पुटर उपलब्ध गराउने कार्यक्रमलाइ व्यवस्थित रुपमा कार्यान्वयन गर्न प्रसौनी गाउँपालिका तेह्रौ गाउँसभाको मिति २०८०।।०३।३० गतेको बैठकले यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१
## प्रारम्भ तथा परिभाषा

१ संक्षित नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम “माध्यमिक विद्यालयहरुमा अध्ययनरत उत्कृष्ट छात्र /छात्राहरु लाई ल्यापटप खरिद तथा वितरण २०८०” रहेको छ ।

ख. यो कार्यविधि प्रसौनी गाउँपालिका अन्तरगतका निर्धारित क्षेत्रमा लागू हुनेछ ।

ग. यो कार्यविधि गाउँसभाले स्विकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्नेछ ।

ख) “कार्यपालिका” भन्नाले प्रसौनी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “अध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “गाउँसभा” भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ सभाको बैठकलाई सम्झनु पर्दछ ।

ङ) “गाउँ शिक्षा समिति” भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

च) "शिक्षा शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

छ) “व्यवस्थापन समिति” भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ज) "सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकत विद्यालय सम्झनु पर्दछ ।

झ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा १० देखि १२ सम्म दिइने शिक्षा बुझ्नु पर्दछ । त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय बुझ्नु पर्दछ ।

ञ) “उत्कृष्ट” भन्नाले गाउँपालिका भरीमा संचालित विद्यालयबाट माध्यमिक तहको SEE वा +2 को वार्षिक परिक्षामा सबैभन्दा बढी अंक ल्याउने विद्यार्थीलाई सम्झनु पर्दछ ।

## **परिच्छेद २ः**
## **उद्देश्य**

**३. उद्देश्यः**

१) यो कार्यविधि जारि गर्नुको उद्देश्य देहायअनुसार रहेको छ ।

क. विधार्थीहरुको हौसला उत्साह र उमंगलाई बढाउनुका साथै प्रतिष्पर्धात्मक क्षमताको विकस गर्नु,

ख. उत्कृष्ट तथा जेहेन्दार विद्यार्थीको सम्मान गर्नु,

ग. शिक्षण सिकाइलाइ प्रविधिमैत्री बनाउदै गुणस्तरीय शिक्षा प्रदान गर्नु,

घ. शिक्षण सिकाइमा सुचना र प्रविधिको प्रयोगलाइ जोड दिनु,

ङ. शिक्षामा सवै विधार्थीको पहुँच स्थापित गर्नु ।

**४. उत्कृष्ट छात्र / छात्रा छनौट गर्ने आधार :-**

क) लाभग्राही **छात्र / छात्रा** प्रसौनी गाउँपालिका अन्तरगतको विद्यालयहरुबाट नेपाल सरकारले लिईने एस.ई.ई वा **+2** को वार्षिक परिक्षामा सबै भन्दा बढी अंक ल्याएको हुनु पर्नेछ ।

ग) सम्बन्धित विद्यालयले **छात्र / छात्राको** नाम सहित गाउँपालिका कार्यालयमा सिफारिस पेश गर्नु पर्नेछ ।

**५. लक्षित छात्रा छनौट गर्ने प्रकृया :-**

क) शिक्षा युवा तथा खेलकुद शाखा मार्फत लक्षित **छात्र / छात्रा** तथ्यांक संकलन गर्न सम्बन्धित विद्यालय तथा **छात्र / छात्राका** लागि सूचना जारी गरिनेछ ।

ख) सम्बन्धित सामुदायिक विद्यालयहरुले शिक्षा शाखामा उत्कृष्ट **छात्र / छात्राको** नाम सहित सिफारिस पठाउनु पर्नेछ ।

ङ) विद्यालयबाट प्राप्त तथ्यांकका आधारमा लक्षित **छात्र / छात्रा** यकीन गरी ल्यापटप खरिदका लागि शाखाले गाउँपालिका समक्ष पेश गर्नेछ।

च) ल्यापटप बुझिसकेपछि कार्यान्वयनका सिलसिलामा कुनै खराबी आएमा कम्पनीको शर्त बमोजिमको ग्यारेन्टी/वारेन्टीबाहेक मर्मत सम्भारको खर्च सम्बन्धित विद्यार्थीले नै व्यहोर्नु पर्नेछ ।

छ) ल्यापटपको उचित प्रयोग र संरक्षण गर्ने दायित्व लाभग्राही विद्यार्थीको हुनेछ।

## परिच्छेद ३

## छनौट तथा सिफारिस समिति

**६. छनौट तथा सिफारिस समिति :**

(१) ल्यापटप खरिद गर्नको लागि उत्कृष्ट **छात्र / छात्रा** छनौट गरी खरिद समितिमा सिफारिस गर्नका लागि गाउँपालिकामा देहाए बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ । छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्ने सक्नेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| घ) जिन्सी तथा खरिद शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | सदस्य सचिव |

२) उपदफा (१) बमोजिमका निवेदनहरुको छनौट तथा मूल्यांकनका मापदण्डहरु निम्नानुसार रहने छ ।

क) सम्बन्धित विद्यार्थीको निवेदन

ख) विद्यालयमा अध्ययनतर रहेको विद्यालयको सिफारिस

ग) सम्बन्धित विद्यार्थीको एस.ई.ई वा +2 को मार्कसिटको प्रतिलिपि

घ) दुई प्रति पासपोर्ट साइजको हालसालै खिचेको फोटो

३) प्राप्त निवेदनहरु स्वीकृत गरी खरिद प्रक्रियाको लागि खरिद समितिमा पेश गर्नु पर्नेछ ।

४) स्वीकृत निवेदन अनुसार उत्कृष्ट छात्र /छात्राको नामावली गाउँपालिकाको वेवसाइट वा सूचना पाटीमा सार्वजनिक गरिनेछ ।

## परिच्छेद — ४
## विविध

**७ खरिद प्रक्रिया :** ल्यापटप खरिद प्रक्रिया प्रचलित कानून बमोजिम हुने छ ।

**८. कार्यक्रम अनुगमन प्रतिवेदनः** कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदन पेश शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रसौनी गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

**१०. संशोधन तथा हेरफेर** : यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०
प्रमाणिकरण मिति : २०८०।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत